पौष,२०७४

# संस्थागत विद्यालय शिक्षक तालिम पाठ्यक्रम

## आधारभूत तह

नेपाल सरकार

शिक्षा मन्त्रालय

शैक्षिक जनशक्ति विकास केन्द्र

सानोठिमी, भक्तपुर

**विषयसूची**


| क्र. स. | विषयबस्तु | पृष्ठ सङ्ख्या |
| --- | --- | --- |
| १ | परिचय | १ |
| २ | तालिमको सक्षमता | १ |
| ३ | तालिमको विषयवस्तु | २ |
| ४ | तालिम कार्यान्वयन कार्यविधि | ३ |
| ५ | तालिम मूल्याङ्कन | ५ |
| ६ | कार्ययोजना तथा प्रतिबद्धता | ५ |

## १. परिचय

गतिशील समय सँगसँगै शिक्षण सिकाइमा पनि नवीनतम प्रविधि, उपागम एवम् तरिकाहरू भित्रिरहेका छन् । यो परिप्रेक्ष्यमा नयाँ प्रविधि, उपागम तथा तरिकासित परिचित भई शिक्षण सिकाइमा प्रयोग गर्नुपर्ने दायित्व शिक्षकको हो । त्यसका लागि शिक्षकको निरन्तर पेशागत विकास आवश्यक छ । यसै कुरालाई मध्यनजर गरी शैक्षिक जनशक्ति विकास केन्द्रबाट तयार पारिएको शिक्षकको पेसागत विकासको प्रारुप, २०७२ ले शिक्षकको पेसागत विकास कार्यक्रमका लागि शिक्षक तालिम अर्न्तगत प्रमाणीकरण, पुर्नताजगी र स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिमको व्यवस्था  गरेको छ ।

विगतमा शिक्षा मन्त्रालय र शैक्षिक जनशक्ति विकास केन्द्रले मूलतः सामुदायिक विद्यालयका शिक्षकका लागि तालिम सञ्चालन गरिरहेको र संस्थागत विद्यालयका शिक्षकका लागि पनि तालिम आवश्यकता खड्किएको परिप्रेक्ष्यमा साझेदारी मोडलबाट कष्टमाइज्ड तालिम सञ्चालन गर्ने प्रक्रियाको थालनी भएको छ । तसर्थ संस्थागत विद्यालयका संघसंस्थाहरूसँगको सहकार्यमा शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकका लागि आवश्यक साधारण शैक्षणिक पक्षहरू समेटी यो पाँच दिने तालिम पाठ्यक्रम तयार गरेको छ । यस पाठ्यक्रममा आधारभूत तहको विद्यालय पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका, बालविकास तथा सिकाइ व्यवहार, सिकाइ सहजीकरण प्रक्रिया, शैक्षणिक सामग्री संकलन, निर्माण तथा प्रयोग र विद्यार्थी मूल्यांकन जस्ता मुख्य विषयवस्तु समावेश गरिएको छ ।

## २. तालिमका सक्षमता

साधारण शैक्षणिक पक्षहरू एवम् रणनीति सम्बन्धी ज्ञान सिप अभिवृद्धि गरी संस्थागत विद्यालयमा आधारभूत तहमा अध्यापनरत शिक्षकहरूको पेसागत क्षमता विकासमा सहयोग पुर्याउने उद्देश्य लिएको यस तालिमपश्चात सहभागी शिक्षकहरुमा निम्न सक्षमताहरु विकास हुने अपेक्षा गरिएको छ :

- पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाबिच अन्तर्सम्बन्ध पहिचान
- बालविकास तथा सिकाइका तरिका बोध गर्दै सोही बमोजिम सिकाइ प्रक्रिया अवलम्बन
- बालमैत्री सिकाइ वातावरण निर्माण गरी क्रियाकलापमा आधारित शिक्षण सिकाइ सञ्चालन

- शिक्षण सिकाइमा सान्दर्भिक शैक्षणिक सामग्रीको प्रयोग
- उपयुक्त मूल्यांकन प्रक्रिया अवलम्बन गरी सिकाइ प्रवर्धन
- व्यवहारिक शैक्षणिक योजना निर्माण र प्रयोग

## ३. तालिमका विषयवस्तु

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| १. | पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका | • पाठ्यक्रम परिचय<br>• आधारभूत तहको पाठ्यक्रम अध्ययन<br>• पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाबिच अन्तर्सम्बन्ध<br>• पाठ्यक्रमसँग सम्बद्ध अन्य सन्दर्भ सामग्रीहरू | २ |
| २. | बालविकास तथा सिकाइ व्यवहार | • बालविकासका चरण<br>• सिकाइका तरिका<br>• बालकबारे थाहा पाउनु (Knowing the child)<br>• मनोसामाजिक परामर्श | १ |
| ३. | सिकाइ सहजीकरण | • आधारभूत तहमा प्रयोग गर्न सकिने शैक्षणिक विधि तथा क्रियाकलाप<br>• बालमैत्री सिकाइ (अवधारणा, वातावरण, क्रियाकलाप)<br>• सिर्जनात्मक तथा समालोचनात्मक चिन्तन विकासका क्रियाकलाप<br>• सम्बन्धित विषयमा क्रियाकलाप विकास तथा प्रयोग | ३ |
| ४. | शैक्षणिक सामग्री संकलन, निर्माण तथा | • शिक्षक निर्मित तथा विद्यार्थी निर्मित सामग्री<br>• मुल्य नपर्ने र कम मुल्य पर्ने सामग्री<br>• आधुनिक सूचना तथा सञ्चार प्रविधिमा | २ |

| | | | |
|---|---|---|---|
| | प्रयोग | आधारित शैक्षणिक सामग्रीको प्रयोग | |
| ५. | विद्यार्थी मूल्यांकन | • सिकाइका लागि मूल्यांकन (परियोजना कार्य लगायत)<br>• निरन्तर विद्यार्थी मूल्यांकन<br>• प्रश्न निर्माण अभ्यास | २ |
| ६. | शैक्षणिक योजना | • व्यवहारिक पाठयोजना निर्माण र दैनिक शिक्षणमा प्रयोग<br>• सूक्ष्म शिक्षण | ३ |
| ७. | विविध | • कार्यक्रम अभिमुखीकरण<br>• सहभागीका अपेक्षा संकलन<br>• प्रि-टेस्ट तथा पोस्ट-टेस्ट | २ |
| | जम्मा | | १५ |

## ४. तालिम कार्यान्वयन कार्यविधि

### क. तालिमको अवधि

यो तालिम पाँच दिन अवधिको हुनेछ । पाँचै दिन आमने सामने पद्धतिबाट शैक्षिक तालिम केन्द्र मार्फत तालिम सञ्चालन हुनेछ । प्रति दिन तिन सत्रका दरले पाँच दिन अवधिमा १५ ओटा सेसनहरु सञ्चालन हुनेछन् । प्रति सेसन एक घण्टा ३० मिनेटको हुनेछ ।

### ख. तालिमको लक्षित समूह

यस तालिमको लक्षित समूह संस्थागत विद्यालयमा आधारभूत तहमा अध्यापनरत शिक्षकहरु हुनेछन् । सहभागी छनोटका लागि शैक्षिक तालिम केन्द्रले सम्बन्धित जिल्ला शिक्षा कार्यालय, संस्थागत विद्यालयका संघसंस्थासँग सहकार्य गर्नेछ ।

### ग. तालिम पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

- संस्थागत विद्यालयका शिक्षकहरुका लागि तालिम कार्यक्रम शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा हुनेछ ।

- शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमको २०% अर्थात ३ सेसनसम्म विषयबस्तु शैक्षिक तालिम केन्द्रले स्थानिय सरोकारवालाहरुको परामर्शमा परिमार्जन तथा समायोजन गर्न सक्नेछ।
- शैक्षिक तालिम केन्द्रले स्थानीय आवश्यकता अनुसार ५ दिनको छुट्टै तालिम पाठ्यक्रम विकास गर्न सक्ने छ । यसरी विकास गरिएको पाठ्यक्रम शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन गर्नु पर्नेछ ।

**घ. तालिम सहजीकरण**

- शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोतकेन्द्रका विषय विज्ञ प्रशिक्षक वा रोष्टर प्रशिक्षकबाट तालिम सेसन सहजीकरण गरिने छ । रोष्टर प्रशिक्षक छनोट गर्दा शिक्षकको पेसागत विकास प्रारुप, २०७२ ले तोकेको आधार पुरा गरेको व्यक्ति हुनुपर्दछ । प्रशिक्षक व्यवस्थापनका लागि स्थानीय आवश्यकता र परिवेश अनुसार संस्थागत विद्यालयका संघसंस्थासँग सहकार्य गर्न सकिनेछ।
- तालिमका सेसन सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चाार प्रविधिलाई अधिकतम उपयोग गर्नु पर्नेछ।
- तालिमका लागि आबश्यक पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सामग्रीहरु तालिम सञ्चालन अगावै व्यबस्था गर्नुपर्नेछ।
- सिकाइ सहजीकरणका विधि तथा सुचना प्रविधिलाई पाठ्यक्रमका विषयगत विषयबस्तुसंग आबद्ध गरेर मात्र प्रयोग गर्नुपर्नेछ।
- तालिम सञ्चालन गर्दा सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिँदै आवश्यकताअनुसार देहायबमोजिमका विधि वा बहुविधि उपयोग गर्न सकिने छ :
    - ✓ प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
    - ✓ अन्तरक्रिया विधि
    - ✓ छलफल तथा समूह कार्य विधि
    - ✓ परियोजना कार्य विधि
    - ✓ अवलोकन विधि
    - ✓ मामला अध्ययन

✓ समस्या समाधान र स्वअध्ययन विधि

✓ खेल विधि

✓ समूह शिक्षण विधि

**५. तालिम मूल्यांकन**

क. यस तालिममा सहभागी शिक्षकहरुको मूल्याङ्कन निरन्तर रुपमा उनीहरुले तालिमका दौरान निभाएको भूमिका, सान्दर्भिक जागरुकता र तालिममा सहभागिताका आधारमा गरिनेछ । छलफल, समुह कार्य र प्रस्तुतिका साथै प्रिटेष्ट तथा पोष्टटेष्ट पनि मूल्याङ्कनका आधार हुनेछ ।

ख. सहभागी शिक्षकहरुलाई तालिम पश्चात् तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गरिनेछ ।

**६. कार्ययोजना तथा प्रतिबद्धता**

क. सहभागीहरुले तालिम अवधिमा सिकेका ज्ञान तथा सिपको आधारमा विद्यालयमा गई प्रयोग गर्न सकिने कम्तिमा पाँच ओटा कार्यको कार्ययोजना बनाई प्रस्तुत गर्नुपर्नेछ ।

| क.स. | क्रियाकलाप | किन | कहिले | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

ख. तालिम अवधिमा निर्माण गरिएका पाठयोजना समेत कार्ययोजनामा आबद्ध गरी कक्षा शिक्षण गर्नुपनेछ ।

ग. सहभागीहरुले कार्ययोजना बमोजिमका सुधार गर्ने प्रतिबद्धता शैक्षिक तालिम केन्द्र समक्ष गर्नु पर्नेछ ।

घ. शिक्षकले जाहेर गरेको प्रतिबद्धता शैक्षिक तालिम केन्द्रले विद्यालयलाई जानकारी गराउनुपर्नेछ ।

ΩΩΩ